# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

**खण्ड (१०), फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल, असोज ५ गते २०८३ साल, सङ्ख्या ७**

## भाग-२

**सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

**सूर्योदय नगरपालिकाको हेभी इक्विपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, (तेस्रो संशोधन), २०८३**

कार्यपालिकाबाट स्वीकृत मिति:२०८३।०६।०१

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको हेभी इक्विपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ लाई परिमार्जन तथा संशोधन गर्दै समयानुकूल र गतिशील बनाउन वाञ्छनीय भएकोले सूर्योदय नगर कार्यपालिकाद्वारा यो कार्यविधि तर्जुमा गरी लागू गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "सूर्योदय नगरपालिकाको हेभी इक्विपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, (दोस्रो संशोधन), २०८३" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. दफा ९ को उपदफा (६) को सट्टा देहायबमोजिमको उपदफा (६) राखिएको छ।**

देहाय:

"(६) नगरपालिकाको आफ्नै काममा प्रयोग भएकोमा बाहेक ट्रिपर, ट्याक्टर र रोलर भाडामा प्रयोग गर्दा भाडामा प्रयोग गर्ने व्यक्ति वा संस्था आफैँले इन्धनको व्यवस्था गर्नु पर्नेछ।"

**३. दफा ९ को उपदफा (६) पछि देहायबमोजिमको उपदफा (६. क) थप गरिएको छ।**

देहाय:

"(६. क) व्याक हो लोडर भाडामा प्रयोग गर्दा भाडामा प्रयोग गर्ने व्यक्ति वा संस्थाबाट नगर सभाबाट स्वीकृत नगर दररेटमा व्यवस्था भए बमोजिमको शुल्क लिई कार्यालय आफैँले इन्धनको व्यवस्था गर्नु पर्नेछ।"

**४. दफा १० को उपदफा (४) को सट्टा देहाय बमोजिमको उपदफा (४) राखिएको छ।**

देहाय:

"(४) नगरपालिकाको काममा बाहेक अन्य काममा खटिँदा व्याक हो लोडर अपरेटर/सहायक अपरेटर बाहेक उपदफा (३) र (६) बमोजिमको भत्ता रकम भाडामा लिने सम्बन्धित व्यक्ति वा संस्थाले उपलब्ध गराउनु पर्नेछ।"

आज्ञाले

विज्ञान कोइराला

नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत